स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५, संख्या १५, २ फाल्गुन २०७८

## भाग-२

# केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७८

स्वीकृत मितिः२०७८।११।०२

**प्रस्तावना :** केरावारी गाँउपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुर्‍याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ध) बमोजिम केरावारी गाँउपालिका गाँउ कार्यपालिकाबाट खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : १) यस कार्यविधिको नाम "केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

२) यो कार्यविधि केरावारी गाँउपालिका भित्र लागु हुनेछ ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "**खानेपानी**" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ ।

ख) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले केरावारी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

ग) "**गाउँपालिका**" भन्नाले केरावारी गाउँपालिकालाई सम्झनुपर्छ ।

घ) "**कार्यपालिका**" भन्नाले केरावारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

ङ) "**समिति**" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

चं) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्ने** : स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

**४. खानेपानीको मुल दर्ता गर्नुपर्ने** : गाँउपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने उत्पादनको मुख्यश्रोत मुहान (मुल) दर्ताको लागि गाँउपालिका समक्ष माग गर्नु पर्नेछ । माग भएपछि निम्न अनुसारको ५ (पाँच) सदस्यीय खानेपानी मूल दर्ता समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमती दिन सक्नेछ ।

१) संयोजक – अध्यक्ष

२) सदस्य – उपाध्यक्ष

३) सदस्य – सम्वन्धित वडाको अध्यक्ष

४) सदस्य – वडा अध्यक्षले तोकेको सम्बन्धित वडाको सदस्य (महिला)

५) सदस्य सचिब – प्रमुख प्रशासकीय अधिकृत

**५. समिति दर्ता** : (१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्वन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अध्यक्षसमक्ष अनुसूची-१ को बमोजिमको निवेदन तथा अनुसुची १ (क) वमोजिमको विधान सहित निवेदन दिनुपर्नेछ ।

क) समितिको नाम,

ख) उदेश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपी

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले

आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकतृले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जांचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण-पत्रको ढाँचा अनुसूचि-२ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,०००।- (एक हजार), नविकरण दस्तुर वार्षिक रु ५००।- (पाँच सय) तिर्नु पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।- (दुई सय रुपैयाँ) थप लाग्नेछ ।

**६. समिति संगठित मानिने** : १) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ती** : (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

**८. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व.सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**९. समितिको उदेश्यहरुमा हेरफेर :** (१) समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ । -

२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**१०. समितिको वर्गिकरण :-** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**११. तदर्थ समिति गठन गर्न सकिने :-** यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६ महिना भित्र साधारणसभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन

नियमीत गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धीत उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१२. संघ गठन गर्न सकिने** :- दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिकास्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थीत रुपमा संचालन गरीनेछ ।

**१३. हिसाबको विवरण पठाउनु पर्ने** : उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

**१४. हिसाब जाँच गर्ने** : (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सय कडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने :** गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धीत समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजाय :** (१) दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (१३) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा (१३) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको

प्रश्नको जवाफ तोकिएको समयावधिमा नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैँयासम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समितिसँग गाभेमा वा समितिले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदन** : दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१८. समितिको विघटन वा त्यस्को परिणाम :** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरुप असुल उपर गरिनेछ ।

**१९. नियम बनाउने अधिकार :** यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**२०. विघटन तथा संचालन** : समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ ।

**२१. खारेजी र बचाउ :** केरावारी गाउँपालिकाको खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८ लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

## अनुसुची-१

## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

श्रीमान् अध्यक्षज्यू,

केरावारी गाँउपालिका, मोरङ ।

महोदय,

हामीले..............................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

(क)

(ख)

(ग)

५. उपयोग गरिने जलस्रोतको विवरण:

(क) जलस्रोतका नाम र रहेको ठाउँ:

(ख) जलस्रोतबाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

**निवेदक,**

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त
दिनेको सहीः

नामः

पदः

ठेगानाः

छापः

**अनुसुची-१(क)**

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

**नमुना विधान**

## प्रस्तावित विधान

श्री ................ खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २०........... स्वच्छ खानेपानी र स्वस्थ्य वातावरणको समस्या र आवश्यकतालाई ध्यानमा राखेर उपलब्ध सिमित श्रोत र साधनबाट निर्माण हुने भएका आयोजनाहरुको दीर्घकालीन उपयोग गराई स्थानिय बासिन्दाहरुलाई खानेपानीको सुविधा पुऱ्याउन र सरसफाईको स्तर बृद्धि गराउन तथा जीवनस्तर माथि उठाउन मद्दत पुऱ्याउने उद्देश्यले प्रदेश नं १, मोरङ जिल्ला केराबारी गाउँपालिका वडा नं..............स्थीत...............वस्ती/टोलका स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ताको आपसी सरसल्लाह र सहमतिमा श्री .......... खानेपानी उपभोक्ता तथा सरसफाई समिति गठन गरी आयोजनालाई स्थायित्व दिनको लागी यो विधान तयार गरी जारी गरीएको छ ।

## परिच्छेद–१

१. **संक्षिप्त नाम र प्रारम्भ :-**(क) यो विधान को नाम " श्री ...................... खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २०..." रहने छ ।

(ख) यो विधान केरावारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८ अनुसार केरावारी गाउँपालिकामा दर्ता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा, उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउने छ ।)

(क) "**विधान"** भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान २०७८ सम्झनु पर्दछ ।

(ख) "**उपभोक्ता समिति"** भन्नाले **केरावारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८** को अधिनमा रहि यस विधान बमोजिम गठन भएको श्री **.............** खानेपानी तथा सरसफाई उपभोक्ता समिति भन्ने सम्झनु पर्दछ । यसलाई छोटकरीमा उपभोक्ता समिति भनिने छ ।

(ग) "**कार्य समिति"** भन्नाले यस विधानको दफा १६ बमोजिम गठित कार्य समितिलाई सम्झनु पर्दछ । यी शब्दले कार्यसमितिको निर्वाचन नभए सम्मका लागि तदर्थ खानेपानी उपभोक्ता तथा सरसफाई समितिलाई समेत जनाउने छ ।

(घ) "**अध्यक्ष"** भन्नाले यो विधान बमोजिम गठित कार्य समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले यो विधान बमोजिम गठित कार्य समितिको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) "**कोषाध्यक्ष**" भन्नाले यो विधान बमोजिम कोषाध्यक्ष सम्झनु पर्दछ ।

(छ) **"सचिव**" भन्नाले यो विधान बमोजिम गठित कार्य समितिको सचिव सम्झनु पर्दछ ।

(ज) **"सदस्य"** भन्नाले यो विधान बमोजिम गठित कार्य समितिको सदस्य सम्झनु पर्दछ । सो शव्दले यस विधान बमोजिम सदस्यता प्राप्त गर्ने अरु उपभोक्ता समेत लाई जनाउँछ ।

(ञ) **"पदाधिकारी"** भन्नाले यो विधान बमोजिम गठित कार्यकारिणी समितिका सदस्य लगायतका पदाधिकारीहरुलाई जनाउँछ ।

(ञ) **"कोष"** भन्नाले समितिले उपभोक्ताहरुबाट संकलन गरेको रकम र आयोजना सम्बन्धि कामबाट प्राप्त वा अन्य श्रोतहरुबाट प्राप्त रकमलाई जनाउँछ ।

(ट) "**उपभोक्ता"** भन्नाले यस विधान वमोजिम गठित उपभोक्ता संस्थाले उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवा उपभोग गर्ने ब्यक्ति वा निकायलाई जनाउँछ ।

(ठ) **"आयोजना"** क्षेत्र भन्नाले आयोजना लागु भई उक्त आयोजनाबाट प्रत्यक्ष लाभ पुऱ्याउने क्षेत्र सम्झनु पर्छ ।

(ड) **"सेवा"** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता संमितिले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवा सम्झनु पर्दछ ।

(ढ) **"खानेपानी"** भन्नाले घरेलु तथा अन्य उपयोगको निमित्त प्रशोधन गरी वा नगरी एकमुष्ट वा पृथक पृथक संस्थाले वितरण गरेको खानेपानी सम्झनु पर्दछ ।

(ण) **"गाउँपालिका"** भन्नाले केरावारी गाउँपालिका सम्झनुपर्दछ ।

(त) **"अन्य निकाय"** केरावारी गाउँपालिका वाहेकका सवै कार्यालय वा निकाय सम्झनुपर्दछ ।

## परिच्छेद- २
## उपभोक्ता समितिको स्थापना

**३. उपभोक्ता समितिको स्थापना:** (१)तोकिएको क्षेत्रमा सामुहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति तथा सरसफाई सेवाको समुचित व्यवस्था

गर्नको लागि श्री ................खानेपानी तथा सरसफाई उपभोक्ता समिति नामको उपभोक्ता संस्थाको स्थापना गरिएको छ ।

(२) उपभोक्ता संस्थाको प्रधान कार्यालय केराबारी गाउँपालिका ...................मा रहने छ र कार्य समिति बाट निर्णय गरी आवश्यकता अनुसार शाखा कार्यालयहरु थप गर्न सकिने छ ।

**४. उपभोक्ता समिति संगठित संस्था हुने:**(१)उपभोक्ता समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता समितिको सम्पूर्ण काम कारवाहीको निमित्त उपभोक्ता सस्थाको नाम, सम्बन्धित गा.पा.को नाम, दर्ता भएको साल र लोगो अंकित आफ्नो एउटा छुट्टै छाँप हुनेछ ।

(३) उपभोक्ता संमितिले ब्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, र बेचविखन गर्न वा अन्य किसिमले व्यबस्था गर्न सक्ने छ ।

(४) उपभोक्ता संमितिले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर लाग्न सक्ने छ ।

## परिच्छेद- ३
## उद्देश्य

**५. उपभोक्ता समितिको उद्देश्य** (१) उपभोक्ता समितिका निम्न लिखित उद्देश्य रहनेछन् :

(क) घरेलु तथा अन्य उपभोगका लीग खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना तर्जुमा, निर्माण, सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी आयोजना क्षेत्रमा नियमित रुपमा

स्वच्छ खानेपानी आपूर्ति गर्ने र सरसफाई सेवा उपलब्ध गराई उपभोक्ताको स्वास्थ्यमा सुधार र सुविधामा बृद्धि गर्ने ।

(ख) आयोजना क्षेत्र भित्र रहेको पुरानो खानेपानी आयोजनाको उचित सम्भार र संरक्षण गर्दे आयोजनाको दिगो सञ्चालन तथा व्यबस्थापन लाई निरन्तरता दिने ।

(ग) न्यून आय भएका उपभोक्ताहरुका लागि समेत खानेपानी तथा सरसफाईको सेवा उपलब्ध गराउन उनीहरुले ब्यहोर्न सक्ने महसुल कायम गर्ने ।

(२) उपदफा (१) मा उल्लेखित उद्देश्य हासिल गर्न उपभोक्ता समितिले स्थानीय सरकार संचालन ऐन २०७४ लगायत प्रचलित ऐन, कानून तथा समय समयमा गाउँपालिकाले दिएको निर्देशनको अधिनमा रही आबश्यकता अनुसार सम्बन्धित निकायहरुसंग समन्वय राखी निम्न कार्यहरु गर्नेछ । :

(क) खानेपानी तथा सरसफाई आयोजनाका सम्बन्धमा उपभोक्ता समिति र नेपाल सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय दातृ संस्था तथा गाउँपालिका वीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नु पर्ने कार्यहरु गर्ने गराउने ।

(ङ) आयोजनाको कार्यान्वयन गर्दा आवश्यक प्रचलित कानून बमोजिम अचल सम्पति अधिग्रहण गरी आयोजनालाई व्यबस्थित किसिमबाट कार्यान्वयन गर्ने गराउने ।

(ग) सरसफाईको क्षेत्रमा प्रभावकारीरुपले उपभोक्ताहरुको सक्रियता बढाइ खानेपानी कार्यालय वा कूनै संस्था बाट प्राप्त चक्रकोषको उपयोग मार्फत आयोजनाको

निर्दिष्ट सरसफाई कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(घ) गरिबीको रेखामुनी पर्ने उपभोक्ताहरुको आर्थिक स्तर उकास्ने खालका आय आर्जनका श्रोत परिचालन गर्न सहयोग पुऱ्याउने ।

(ङ) नेपाल सरकारले खानेपानीका लागि निर्धारण गरेको गुणस्तर सरहको पानी तोकिएको अवधि भित्र उपभोक्ताहरुलाई उपलब्ध गराउने ।

(च) समुदायमा रहेका जात, जाती, आदिबासी तथा महिला वर्गको उत्थानको कार्यक्रम सञ्चालन गर्ने ।

(छ) आयोजनाका विभिन्न संरचनाहरुको आवश्यक मर्मत सम्भार गर्दै आयोजना सञ्चालन गर्ने ।

(ज) खानेपानी तथा सरसफाई सेवाको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिने तथा प्रदुषण नियन्त्रण गर्ने ।

(झ) तोकिए बमोजिम सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने ब्यक्ति वा निकाय तथा उपभोक्ता बाट महसुल, विलम्ब शुल्क आदि असुल उपर गर्ने ।

(ञ) उपभोक्ता संस्थाको उद्देश्य पूर्तिको लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।

## परिच्छेद- ४
## कार्य क्षेत्र

**६. कार्य क्षेत्र:** यस श्री ...................... खानेपानी तथा सरसफाई उपभोक्ता समिति आयोजनाको केराबारी गाउँपालिका वडा नं. ........ ............मा रहेको ...............**लाई खानेपानी संकलनको मुल मुहान वनाई** केराबारी गाउँपालिका , वडा नं. .......... अर्न्तगत...................... **वस्ती सम्मका** प्रशारण लाईन र वितरण लाईनमा पर्ने आयोजनासंग सम्बन्धित, प्रशोधन केन्द्र, पानीपोखरी, सार्वजनिक धाराहरु लगायत सम्पूर्ण संरचनाहरु र तिनको समुचित सम्बर्द्धन संरक्षण उपभोक्ता समितिको कार्य क्षेत्र भित्र पर्छन् ।

## परिच्छेद ५
## सदस्यता

**७. उपभोक्ता समितिको सदस्यता:**उपभोक्ता संमितिले यस विधानको दफा ९ र १० को परिधि भित्र रही उपभोक्ता समितिको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ्य चौकी, सामाजिक संघ संस्था, उपभोक्ता संस्था, दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएका शिविर, विद्यालय, सरकारी वा गैर सरकारी कार्यालय, उद्योग, कारखाना तथा सर्वसाधारण नागरिकलाई साधारण सदस्यता प्रदान गर्न सक्ने छ । सामान्यतया उद्योग, व्यवसाय, सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालय प्रमुख वा निजले तोकेको व्यक्तिलाई यस उपभोक्ता समितिको साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि** :(१) उपभोक्ता समितिको सदस्य बन्न साधारणसभाबाट निर्धारण गरिएको (कम्तिमा रु. २५।-) शुल्क तिर्नु पर्नेछ ।

(२) सदस्यता नविकरण शुल्क कार्य समितिले तोके बमोजिम हुने छ ।

(३) यस विधानको परिधि र प्रचलित कानुनको प्रावधान भित्र रही सदस्यता वितरण सम्बन्धि कार्यविधि कार्य समिति आफैले निधारण गर्न सक्ने छ ।

(४) कुनै संघ, संस्थालाई पनि समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ ।

**९. सदस्यताको लागि योग्यता:** उपभोक्ता संस्थाको विधान र नियमलाई पालना गर्ने निम्न उपभोक्ता (व्यक्ति) सदस्यको लागि योग्य मानिनेछ ।

(क) २१ बर्ष उमेर पुगेको नेपाली नागरिक ।

(ख) नैतिक पतन देखिने कूनै फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(ग) संघ संस्था भए प्रचलित कानून बमोजिम दर्ता भई कानूनी मान्यता प्राप्त भएको ।

**१०. सदस्यताको लागि अयोग्यता:**(१). निम्न व्यक्ति सदस्यताको लागि अयोग्य ठहरिनेछ ।:-

(क) २१ बर्ष उमेर पूरा नभएको ।

(ख) नैतिक पतन देखिने कूनै फौजदारी अभियोगमा अदालतबाट दोषी करार भएको ।

(ग) सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव यस विधान बमोजिम पारित भएमा वा सदस्यता नवीकरण नगरेको ।

(घ) कूनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महसूल नबुझाई कार्यसमितिले सदस्यता बाट हटाइको ।

(२). उपभोक्ता समितिको उद्देश्य र हित विपरीत कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने गराउने प्रयत्न गरे गराएको प्रमाणित हुन आएमा कार्य

समितिले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्न सक्नेछ । तर यसरी सदस्यता समाप्त गर्नु पूर्व सफाईको मौका दिनु पर्नेछ ।

## परिच्छेद-६
## साधारण सभा

**११. साधारण सभाको गठन विधि र सभाको संचालनः**-(१) उपभोक्ता समितिको सर्वोच्च निकायको रुपमा **साधारण सभा** हुनेछ । कार्य समिति साधारण सभा प्रति र साधारणसभा सम्पुर्ण उपभोक्ताहरुको हित प्रति उत्तरदायी हुनेछ । साधारण सभाको निर्णय र निर्देशन कार्य समितिले अनिर्वाय रुपमा पालन गर्नू पर्नेछ ।
(२).उपभोक्ता संस्थाको साधारण सभा वर्षको १ (एक) चोटी बस्नेछ । यसलाई वार्षिक साधारण सभा भनिनेछ । यसमा उपभोक्ता समितिको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुन सक्ने छन ।

**१२. विशेष साधारण सभाः-** (१) कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वा समितिका सम्पुर्ण सदस्यको बहुमतले साधारण सभा को भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा सचिवले १५ दिनभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभा को भेला हुने मिति ,समय, स्थान कार्यसमितिले तोके बमोजिम हुनेछ ।

**१३.सभाको सूचनाः**बार्षिक साधारण सभा बस्नका लागि कम्तीमा ३० (तीस) दिन अगावै र विशेष साधारण सभा बस्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने स्थान, समय,मिति र सो सभामा छलफल हुने विषयहरु समेत खुलाई सार्वजनिक रुपमा जानकारी दिईनेछ ।

**१४.सभाको गणपूरक संख्याः** (१) साधारणसभा को भेलाको लागि सम्पुर्ण उपभोक्ता संख्याको ५१ प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(२) पहिलो पटक सूचना दिई बोलाईएको भेला वस्दा गणपुरक संख्या नपुग भएमा दोश्रो पटक ७ दिनको म्याद दिई भेला हुने पुनः सूचना दिईनेछ ।

(३) यसरी गणपुरक संख्या नपुगी दोश्रो पटकको सूचना बमोजिम भेला हुंदा कुल उपभोक्ता संख्याको २५ प्रतिशत उपभोक्ताहरुको उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) उपस्थित सदस्य संख्याको बहुमतको निर्णय मान्य हुनेछ ।

(५) साधारण सभा को भेलाको अध्यक्षता समितिको अध्यक्षले,निजको अनुपस्थितमा उपाध्यक्षले र निज पनि अनुपस्थिति रहेमा उपभोक्ता संस्थाको कार्यसमितिको सदस्यहरुमध्ये ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ । तर जसका विरुद्ध प्रस्ताव ल्याइएको हो उसले सभाको सभापतित्व गर्न पाउने छैन ।

(६) साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावका रुपमा पेश गरिनेछ ।

(७) पक्ष विपक्षमा मत संकलन गर्दा साधारणतया हात उठाई गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ ।

१५.साधारण सभाको काम कर्तव्य र अधिकारः१.साधारण सभाको काम कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछन ।

(क) कार्य समितिका पदाधिकारी तथा सदस्य को निर्वाचन गर्ने ।

(ख) बार्षिक बजेट पारित गर्ने ।

(ग) लेखा परिक्षक नियूक्त गर्ने र परिश्रमिक तोक्ने ।

(घ) लेखा परिक्षण प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।

(ङ) कार्य समिति लाई आवश्यक निर्देशन दिने ।

(च) विधान संसोधन तथा विधान र विधानका अधीनमा रही बनाएको नियम विनियममा उल्लेखित अधिकार प्रयोग गर्ने ।

(छ) उपभोक्ता संस्थाले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मीटरको प्रयोग तथा विलिङ्ग सम्बन्धमा अनुगमन गर्ने ।

(ज) आवश्यक परेमा तोकिएको अबधि भन्दा अगावै कार्य समितिका पदाधिकारी तथा सदस्य को निर्वाचन गर्ने ।

२. यो विधान र यस विधान अन्तरगत बनेका नियम  र विनियम को अधिनमा रहि उपभोक्ता संस्थाले गर्नु पर्नेसम्पुर्ण काम कार्यवाही गर्नु तथा कार्य समिति लाई प्राप्त सम्पुर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुने छ ।

## परिच्छेद-७
## १६. कार्य समिति

(१) आयोजना क्षेत्र भित्रका उपभोक्ताहरुको भेलाले सवै वडा/टोलका उपभोक्ताहरुबाट प्रतिनिधित्व हुने गरी एक खानेपानी उपभोक्ता तथा सरसफाई कार्यसमिति गठन गर्ने छ । सो समितिमा ९ जनाको समितिमा कम्तीमा ३ जना र त्यस भन्दा बढी वा घटी भए कूल संख्याको एक तिहाई महिला समेत हुनु पर्दछ । त्यसै गरी आयोजना क्षेत्रमा जनजाति र दलितहरु छन भने उनीहरुको समेत प्रतिनिधित्व हुने गरी उपभोक्तासमिति गठन हुनु पर्दछ । यसरी समिति गठन गर्दा सो क्षेत्रका  समपुर्ण उपभोक्ताहरु मध्ये ५० प्रतिशत भन्दा वढी घरधुरीका उपभोक्ताहरुको उपस्थितीबाट छनौट भएको हुनुपर्ने छ ।

(२) यसरी गठित ९ जनाको कार्यसमितिका पदाधिकारीहरु निम्न बमोजिम हुनेछन् ।

| | |
|---|---|
| (क) साधारण सभा बाट निर्वाचित १ (एक) जना | अध्यक्ष |
| (ख) साधारण सभा बाट निर्वाचित १ (एक) जना | उपाध्यक्ष |
| (ग) साधारण सभा बाट निर्वाचित १ (एक) जना | सचिव |
| (घ) साधारण सभा बाट निर्वाचित १ (एक) जना | कोषाध्यक्ष |
| (ङ) साधारण सभा बाट निर्वाचित ५ (पाँच) जना | सदस्य |

**(१७) कार्यसमितिको काम कर्तब्य र अधिकार :-** (क) आयोजना निमार्ण, संचालन र मर्मत संभारका लागि आवश्यक नियमावली तथा विनियमावली पारीत गरी लागु गराउने ।

(ख) उपभोक्ता समितिको भेलाद्धारा उपभोक्ताहरु मध्येबाट समितिको पदाधिकारीहरुको छनौट गर्ने

(ग) समितिको खर्चको लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

(घ) आयोजनाको  आर्थिक श्रोतको आधारमा उपभोक्ता समितिले तयार गरी पेश गरेको वार्षिक आय ब्ययको अनुमान स्वीकृत गर्ने ।

(ङ) आयोजनाको दिर्घकालीन संचालनका लागि आवश्यक पर्ने काम कार्यवाहीमा समितिलाई सहयोग पुऱ्याउने ।

(ग) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि ४(चार)वर्षको हुने छ र कुनै उचित कारणले अर्को कार्यसमितिको गठन हुन नसकेको अवस्थामा बढीमा १ (एक) बर्षसम्म सोही कार्य समितिले कार्य सन्चालन गर्न सक्नेछ ।

**(१८). कार्यसमितिका पदाधिकारीहरुको योग्यता :** (क) परिपक्व, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने ।

(ख) विभिन्न उपभोक्ता समुहको प्रतिनिधित्व गर्न सक्ने ।

(ग) उपभोक्ताहरु लाई संगठन गर्न सक्षम भएको ।

(घ) गाउँले वा उपभोक्ताहरुको आदर, विश्वास प्राप्त भएको ।

(ङ) आफ्नो घर आँगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाउने वा चर्पी बनाउने जोश जाँगर भएको, फोहरमैलाको उचित तरीकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधै अगुवा भै गाउँलेहरुको बीच उदाहरणको रुपमा प्रस्तुत हुन सक्ने ।

(च) तालीममा सहभागी हुन सक्ने र खानेपानी आयोजनाको तर्जुमा,निमाण कार्य संचालन तथा मर्मत सभारमा निरीक्षण, मुल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागी ब्यवस्थापन गर्ने जिम्मेबारी वहन गर्नसक्ने ।

(छ) दृश्य वा अदृश्य रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको वा हुन नहुने ।

(ज) समितिका पदाधिकारीहरु साधारणतया लेखपढ गर्न सक्ने हुनुपर्ने छ ।

**(१९). समितिका पदाधिकारीहरुको अयोग्यता :**(क)मानसिक वा शारिरीक रुपले अस्वस्थ भएको ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

(ग) निज बिरुद्ध अबिश्वासको प्रस्ताब यस विधान बमोजिम पारित भएमा निज समितिको पदाधिकारीका लागि अयोग्य हुनेछ ।

**(१९). उपभोक्ता समितिको भेला :** (क)उपभोक्ता समितिको भेला कम्तीमा ३ महिनामा १ पटक र वर्षको ४ पटक ) वस्ने छ। आवश्यकता अनुसार थप भेला राख्न सकिने छ।

(ख) समितिको भेला अध्यक्षले तोकेको समय, मिति र स्थानमा सचिवले बोलाउने छ।

(ग) समितिको भेलाको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाअध्यक्षले र निजको पनि अनुपस्थिती रहेमा समितिको भेलामा उपस्थित सदस्यरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ।

(घ) समितिको भेलामा ५० प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिने छ।

(ङ) उपभोक्ता समितिको भेलाको सूचना भेला बस्नु भन्दा कम्तीमा ३ दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्नेछ।

(च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता समितिको भेलामा गणपुरक संख्या नपुगेमा दोस्रो पटक पुन :३ दिनको सूचना गरीनेछ।

(छ) दास्रो पटक सूचना गरी बोलाइएको भेलामा २५ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक मानिनेछ।

(ज) अन्यथा उल्लेख भएबाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ।

(झ) भेला सम्बन्धी अन्य कार्य विधि समिति आफैले निर्धारण गर्नेछ।

**(२०). विशेष भेलाको ब्यवस्था :**

(क) २५ प्रतिशत भन्दा वढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र विशेष भेला बोलाईने छ।

## परिच्छेद-८

(२१). उपभोक्ता समितिको काम कर्तव्य र अधिकार :उपभोक्ता समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उपभोक्ता समितिको भेलाले पारित गरेको निणयहरु खानेपानी कार्यालयमा पठाउने र सोको कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने

(ग) नेपाल सरकार तथा दातृ संस्थाकाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानीय श्रोत साधन समेत उपलब्ध गर्न गराउन गाउँपालिका कार्यालयलाई सहयोग गर्ने ।

(घ) आयोजनाको निमार्ण अवस्था देखिनै ब्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ङ) आयोजना शुरु हुँदा देखिनै आवशयक मात्रामा जनसहभागिता जुटाउने ब्यवस्था मिलाउने ।

(च) मर्मत समार कोष खडा गर्नको लागि आयोजनाको प्रतिधारा खानेपानी विभागबाट तोकिएको रकम सम्बन्धित उपभोक्ताहरुबाट संकलन गर्ने ।

(छ) आयोजनाको मर्मत संभार रेखदेख तथा सुचारु रुपले संचालन गर्नका लागि उपभोक्ताहरु संग नियमित रुपले नियम अनुसार रकम संकलन गरी समितिको कोषमा जम्मा गर्ने ।

(ज) आयोजनाको मूल, जग्गा तथा पाईप लाईन सम्बन्धि वा अन्य कुनै कुराको विबाद उठेमा सोको समाधान गर्ने र सोको जानकारी खा.पा.का.मा दिने ।

(झ) आयोजना सुचारु रुपले संचालन गर्न तथा रेखदेख गर्नका लागि आवश्यक संख्यामा मर्मत संभार कार्यकर्ताको छनौट गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सो को जानकारी खा.पा.का.मा दिने ।

(ञ) समितिले आफ्नो कार्य नियमित एवं सुचारु रुपले संभालन गर्न आवश्यक्ता परेमा आफ्नो मातहतमा उपसमिति गठन गर्न सक्नेछ ।

(ट) आयोजना को निर्माण कार्य सम्पन्न भईसके पछि आयोजना को स्वामित्व ग्रहण गर्ने र आयोजना हस्तान्तरण भैसकेपछि थप धाराहरुको माग भै आएमा पानीको श्रोत पर्याप्त भै पानी संचालनमा कनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई खा.पा.का. बाट स्वीकृती लिई थप धारा दिन सक्नेछ ।

(ठ) आयोजनाको हानी नोक्सानी गर्ने ब्यक्तीलाई उचित कार्यवाही गर्ने र दण्ड जरीवाना गर्ने ।

(ड) आयोजनामा प्राकृतिक प्रकोप जस्तैः भूकम्प बाढी पहिरो आदिले क्षति गरेमा मर्मत संभार गरी सोको जानकारी गाउँपालिकालाई दिने र समितिले गर्न नसक्ने भएमा पुन :निर्माणका लागि वडा कार्यालय मार्फत गाउँपालिकालाई रितपूवक माग गर्ने ।

(ढ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

(ण) फोहर फाल्ने खाडल, चर्पी आदि आयोजना क्षेत्रका घर परिवार तथा सार्वजनीक स्थलहरुमा बनाउने तथा बनाउन लगाउने ।

(त) मर्मत कार्यकर्ता एवं स्वयंसेबक तथा स्वयंसेविकाहरुको सहयोगबाट खानेपानी प्रणालीको संचालन संभारको साथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सूचारु रुपले संचालन गर्ने तथा चालु राख्ने ।

(थ) आय–ब्ययको हिसाब राम्रो संग राखी वार्षिक रुपमा लेखा परिक्षण गराउने र सो को अनुमोदनका लागी उपभोक्ता समुहको भेलामा राख्ने र त्यसको जानकारी गाउँपालिकालाई पठाउने ।

(द) समितिको कोष ब्यवस्थित बनाउन बैंकमा खाता खोली रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पासगराई झिक्ने ।

(ध) समितिको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समुहको भेला नभएसम्मका लागि उपभोक्ता समुह मध्येबाट समितिको भेलाले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता समुहको भेलाबाट सोको अनुमोदन गराउने ।

(न) नियमानुसार समितिलाई प्रत्येक वर्ष नविकरण गराउने ।

(प) समिति वा स्थानिय उपभोक्ता बाट गराउने भनी मन्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवरले अन्य ठेकादार बाट गर्न वा गराउन पाईने छैन ।

(फ) यी माथि उल्लेख गरिएको बाहेक समितिको अन्य काम कर्तव्य र अधिकार उपभोक्ता समुहको भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२२) **पदाधिकारीहरुको काम,कर्तब्य र अधिकार :**१. अध्यक्ष : अध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उपभोक्ता समितिको भेलाको अध्यक्षता गर्ने र समितिमा प्राप्त रकमको कोष बाँधी नियम अनुसार आयोजना संचालन तथा सम्भार कार्यमा प्रयोग गर्ने ।

(ख) उपभोक्ता समितिको भेलाहुने मिति समय र स्थान तोक्ने ,आयोजना निमार्ण मर्मत अबधिमा उ.स.ले गरेको कार्यका अन्य निकाय वा गाउँपालिकाबाट भएको भुक्तानी विबरण निर्माण सामाग्री, कार्यमा संलग्न कामदारहरुको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टा छुट्टै विबरण राख्ने तथा अन्य निकाय वा गाउँपालिकाबाट भुक्तानी भएको रकम कोषमा जम्मा गर्ने ।

(ग) समितिको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

(घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

(ङ) समय समयमा गाउँपालिकालाई आयोजनाको अबस्था बारेमा जानकारी गराउने ।

(च) आफ्नो समुहका उपभोक्ताहरुसंग सम्पर्क राखि आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**२ उपाध्यक्ष :उपाध्यक्षको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले सम्हालेको सम्पुर्ण कार्य गर्नु ।

(ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

(ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको लागि विभिन्न कार्य गर्ने ।

(घ) आफ्नो समुहका उपभोक्ताहरुसंग सम्पर्क राखि आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**३ कोषाध्यक्ष : कोषाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) अध्यक्षको निकटतम सम्पर्कमा रहि कार्य गर्ने ।

(ख) समितिको नाममा जम्मा हुन आएको चल–अचल, नगद, जिन्सी आदि सम्पतिको जिम्मा लिई त्यसको हिसाब किताब तथा श्रेस्ता अध्यावधिक राख्ने ।

(ग) समितिको आर्थिक कारेबारको रेखदेख र नियन्त्रण गर्ने ।

(घ) प्रत्यक आम्दानी र खर्चको फाँटबारी तयार गरी दुरुस्त राख्ने ।

(ङ) प्रत्येक वर्ष कम्तीमा वर्षको एक पटक उपभोक्ता समुहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउन ।

(च) अध्यक्ष संगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाताखोली संचालन गर्ने ।

(छ) खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पुरागर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

(ज) आफ्नो समुहका उपभोक्ताहरु संग सर्म्पक राखि आयोजना सम्वन्धि समय समयमा जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(झ) अन्य आवश्यक तोकिएको काम गर्ने ।

**४. सचिव : सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) समितिको निर्णय बमोजिम उपभोक्ता समुहको भेला बोलाउने ।

(ख) अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।

(ग) समितिको भेलाको छलफल तथा निर्णयहरुको अभिलेख राख्ने ।

(घ) उपभोक्ता समितिको भेलाको निर्णयहरु को प्रमाणीत गर्ने ।

(ङ) उपभोक्ता समितिको भेलामा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।

(च) विधान नीति र निर्णय अनुरुप उपभोक्ता समितिको तर्फबाट लेखा पढी गर्ने ।

(छ) आफ्नो समुहका उपभोक्ताहरुसंग सम्पर्क राखि आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने।

(ज) उपभोक्ताहरुको हितलाई ध्यानमा राखि अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

**५ सदस्य : सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) समितिको भेलामा सक्रिय रुपले भाग लिने ।

(ख) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको निमित कार्य गर्ने ।

(ग) आफ्नो समितिका उपभोक्ताहरुसंग समपर्क राखी आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(घ) आयोजना सम्बन्धि कुनै समस्या आईपरेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।

(ङ) समिति र उपभोक्ता समुहको भेलाले निर्णय गरेका कुराहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(२३). **सल्लाहकारको ब्यवस्था :**उपभोक्ताहरुको भेलाले सम्वन्धित आयोजना भित्रका उपभोक्ताहरु मध्ये बाट प्रतिष्ठित ब्यक्तिहरुसंग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा वढीमा ३ जनासम्म सल्लाहकार राख्न सक्नेछन् तर यस्ता सल्लाहकारहरुको निर्णय गर्ने अधिकार भने हुने छैन ।

## परिच्छेद- ९

(२४) **कोषको ब्यवस्था :**१. समितिको कोषको श्रोत देहाय बमोजिम हुनेछ :

(क) समितिको कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।

(ख) दण्ड–जरीवानाबाट उठेको रकम ।

(ग) समितिले प्राप्त गरेको ऋण ।

(घ) उपभोक्ताहरुबाट उठाईएको पानी महशुल लगायत अन्य रकम ।

(ङ) निमार्ण वा अन्य श्रोतहरुबाट आयोजनामा बचत भएको रकम वा अन्य श्रोत बाट प्राप्त रकम ।

**२. मर्मत संभार कोष (अक्षय कोष) :** (क) प्रति सार्वाजनिक धारा रु......... ( अक्षरुपी................ ) उपभोक्ताहरुबाट संकलन गरी एक मर्मत संभार कोष खडा गरिनेछ । उक्त रकम समितिबाट थपघट हुन सक्नेछ ।

(ख) यो कोषको रकम मुद्दती खातामा राखि यसको ब्याजबाट आयको रकम साधारण कोषमा दाखिला गरी अत्यावश्यक भएमा मर्मत संभारको लागि झिक्न सकिनेछ ।

**३. साधारण कोष (बचत/चालु खाता):** (क)आयोजनाको कार्य संचालनका लागि मर्मत संभार कोषको ब्याजबाट प्राप्त रकम तथा पानी महशुल उठाई प्राप्त गरेको रकम लगायत अन्य श्रोत बाट प्राप्त रकम सबै रकम जम्मा गरी उक्त साधारण कोष खडा गरीनेछ ।

(ख) समितिको तर्फबाट गरीने सबै खर्च यसै कोषबाट ब्यहोरीनेछ ।

(ग) यो कोषको संचालन उपभोक्ता समितिको अध्यक्ष र कोषअध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**४. चल अचल सम्पती**ः उपभोक्ता समिति एक अविच्छिन्न उत्तराधिकार बाला स्वशासित संगठित संस्था भएको हुदा आयोजना निमार्ण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल अचल सम्पती उपर समितिको स्वामित्व हुनेछ ।

**५. लेखा परिक्षण :**(क) समितिको खर्चको लेखा परिक्षण सम्भव भएसम्म प्रत्येक वर्ष आश्विन महिना भित्र उपभोक्ता समितिकोभेलाले नियुक्त गरेको लेखा परिक्षकबाट गराईनेछ ।

(ख)लेखा परिक्षणको प्रतिवेदन अनिवार्य रुपमा खा.पा.का.मा पठाईनेछ ।

## परिच्छेद - १०
## (२५) विविध

**१. अविश्वासको प्रस्ताव :**(क) समितिको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समुहका २५ प्रतिशतले लिखित निवेदन समितिमा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिन भित्र उपभोक्ता समुहका भेला बोलाउनेछ र सो भेलामा खानेपानी योजनाबाट लाभान्वित हुने कम्तीमा ५० प्रतिशत घर धुरी संख्याकोसदस्य उपस्थीत भई उपस्थित सदस्यको २/३ बहुमतले सो प्रस्ताब पारीत गरेमा निज पदाधिकारी आफ्नो पदबाट हट्नेछ ।

(ख) तर उपभोक्ता समुह वा समितिले अविश्वासको प्रस्ताब राखेको त्यस्तो पदाधिकारी लाई आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ ।

**२. सदस्यताबाट मुक्त हुने अन्य अवस्था :**(क) मृत्यु भएमा ।

(ख) बसाई सरी अन्यत्र गएमा ।

(ग) कुनै पदाधिकारी आफ्नो पदबाट हटन चाहे अध्यक्ष समक्ष राजिनामा पेश गरेमा तथा त्यस्तो राजिनामा समितिको बहुमतबाट स्वीकृत भएमा ।

(घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सूचना लगातार ४ पटकसम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारी लाई समितिको निर्णयअनुसार पदबाट मुक्त गर्न सकिनेछ ।

(ङ) मानसिक असन्तुलन भएमा वा बौलाएमा ।

**३. समिति भंग हुन सक्ने अवस्थाः** उपभोक्ता समितिको भेलामा दुई तिहाई उपभोक्ताहरुको सहमतिबाट समितिले राम्रो काम गरेको छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो समिति भंग हुनेछ । तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोहि भेलाले अर्को समिति गठन गर्नु पर्नेछ । कुनै कारणले उपभोक्ता समिति विघटन भएमा उपभोक्ता समितिको नाममा रहेको चल अचल श्रीसम्पती र कानून अनुसार सिर्जित दायित्व केरावारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७८ बमोजिम तोकिएको निकायमा सर्नेछ ।

**४. विधान संशोधन तथा नियमावली तर्जुमा** :(क) यस विधानका दफाहरु आवश्यकताअनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समुहको भेलाद्धारा अनुमोदन गराउनु पर्नेछ । यसरी उपभोक्ता समितिको बहुमतले पारीत गरेको संशोधन सम्बन्धी प्रस्ताब गाउँपालिकाबाट स्वीकृती भएको मिति देखि लागुहुनेछ ।

(ख) समितिले यो बिधान बमोजिमको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।

(ग) यो बिधान प्रारम्भ हुदा बहाल रहेको समिति यसै बिधान बमोजिम गठन भएको मानिनेछ ।

**५. खारेजी बचाउ** :(क) यो बिधान पारीत भई लागू हुनु अगाडी उपभोक्ता समितिको भेलावाट निर्णय भई सम्पादन भएका कार्यहरु यसै बिधान बमोजिम भए गरे सरह मानिनेछ ।

(ख) यस विधान अन्तर्गत गठित उपभोक्ता समिति आयोजना संचालन रहने अवधि भर कायम रहनेछ । (ग) यस विधानमा नभएको वा प्रचलीत

नेपाल कानूनसंग बांझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराका हकमा यसै विधान बमोजिम हुनेछ ।

(घ) यस विधानमा लेखिएका कुराहरु प्रचलित कानून संग बाझिएको

हद सम्म स्वतः निष्क्रिय भएको मानिनेछ ।

**६. खानेपानीको विवरण:** (क) खानेपानी संकलनको मुख्यश्रोत क्षेत्र।मुहानको नाम :

(ख) उपभोक्ता समितिले उपयोग गर्न चाहेको खानेपानीको परिमाण :-

(ग) उक्त खानेपानीको हाल भै रहेको उपयोग :-

(घ) उपभोक्ताको वस्तीसम्म वितरणको लाइन।रुटः-

**प्रमाणित गर्ने उपभोक्ता समितिका कार्यसमितिका पदाधिकारीहरुको नाम,थर र सही छाप**

| क.सं. | पद | नाम, थर | सही/छाप |
|---|---|---|---|
| १. | अध्यक्ष | | |
| २. | सचिव | | |
| ३. | कोषाध्यक्ष | | |
| ४. | सदस्य | | |
| ५. | सदस्य | | |
| ६. | सदस्य | | |
| ७. | सदस्य | | |

अनुसुची-२ (दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

# केरावारी गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

# केरावारी मोरङ

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

दर्ता नम्बर :

मिति:......................

श्री...............................................)

.....................................

केरावारी गाउँपालिकाको खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ को दफा (५) को उपदफा (२) बमोजिम..................साल....................

महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

केरावारी गाउँपालिकाको खानेपानी तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

**प्रमाणिकरण गर्नेको :**

दस्तखत :

नाम थर :

दर्जा :

मिति :

कार्यालयको छाँप :

## नवीकरण

| नविकरण मिति | दर्ताको नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

आज्ञाले,

सुदर्शन दाहाल

प्रमुख प्रशासकीय अधिकृत